पुतलीबजार नगरपालिका २०७३ नगर कार्यपालिकाको कार्यालय

# पुतलीबजार नगरपालिका
## नगरकार्यपालिकाको बैठक

बैठक संख्या :- १०४
मिति :-२०८१/०२/०३
बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं १-**

मिति २०८१/०२/०३ गतेको भू-उपयोग परिषदको भू-उपयोग क्षेत्र वर्गीकरणका सम्बन्धमा A Class Consultant and Construction Pvt.Ltd., Pokhara, Kaski ले पेश गरेको अन्तिम प्रतिवेदन स्वीकृति गर्ने सम्बन्धी निर्णयको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ –**

यस कार्यालयबाट मिति २०८०/१२/२५ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित विद्धुतीय बोलपत्र ठेक्का नं. 7/PM/NCB/WORKS/080/081 "वाडखोला नयाँबजार पौवेगौडे टक्सार सडक मर्मत योजना" को बोलपत्रको BOQ मा प्राविधिक त्रुटी देखिएकोले त्रुटी सच्चाई पुनः १५ दिनको म्याद राखी दोस्रोपटक बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ –**

पुतलीबजार नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेडमा रहेका बैंक खाताहरु सरकारी कारोबार निर्देशिका २०७६ अनुरुप मेल खाने गरी अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ –**

नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना अन्तर्गत बिश्व बैंकको लगानी र यस नगरपालिका द्वारा सन्चालित आयोजना **प्रगतीनगर बहाकोट नाम्चे काल्खु सडक (NP-DUDBC-396312-CW-RFB)**का लागि निर्माण ब्यबसायी श्री लामा कन्ट्रक्सन प्रा.लि.,काठमाडौंले मिति :२०८१/०२/०३ गतेको पत्र मार्फत यस नगरपालिका वडा नं. क्रमश -१,१४(छिंडी) र १०,१३ (खल्लुबोट) स्थित आधिखोला बगरबाट आयोजनालाई आवश्यक निर्माणजन्य सामग्री (ढुंगा ,गिट्टी,वालुवा )उपलब्ध गराइदिन अनुरोध भइ आएकाले ढुंगा. गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्वन्धी मापदण्ड ,२०७७ को दफा १२ को उपदफा १ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनको पूर्ण पालना हुने गरी उक्त बगरको हालको परिमाण नगरस्तरीय अनुगमन समितिको रोहवरमा नाप लिई सोको प्रदेश सरकारले तोकेको दस्तुर नगरपालिकालाई बुझाई २०८१ जेष्ठ मसान्त सम्ममा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं ५ –**

हालैको आगलागी, डढेलो, आगजनी तथा प्रकोप पीडितका लागि नगर प्रमुखको तोकादेश अनुसार प्रदान गरिएको सहयोग रकम तथा मिति २०८१/०१/२४ को वन वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै प्रकोपबाट क्षतिग्रस्त पाइप व्यवस्थापनका लागि विपद व्यवस्थापन विशेष कोषबाट रु ७ लाख वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ –**

नगरपालिका समक्ष पेशहुन आएको देहायबमोजिमका योजना तथा कार्यक्रमका लागि उल्लेखित बजेट विनियोजन गर्ने निर्णय गरियो ।

१. पु.ब.न.पा. १४ स्थित प्रगतिशिल आमा समुहको भवन निर्माण सुधारको लागि मर्मत सम्भार कोष शिर्षकबाट रु १५००००।००

२. पु.ब.न.पा. १३ स्थित रोकाहा कुल मन्दिर निर्माण तथा सुधारका लागि मठ मन्दिर शिर्षकबाट रु २५०००।००

३. कार्यालय सहयोगि हरि बहादुर नाम्जालीको काजक्रिया खर्च वापतआर्थिक सहयोग स्वरुप रु २००००।००

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख